# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ताँजाकोट गाउँपालिका

## हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ताँजाकोट गाउँपालिका

### हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ताँजाकोट गाउँपालिका

हुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. : ३५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

ताँजाकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

हुम्ला।

**कैफियत सहितको राय**

हामीले ताँजाकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू.५ करोड ६७ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २६ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २० लाख १५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९४ लाख ३७ हजार र पेश्की रु २६ लाख ९५ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२२ करोड ८ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २७ करोड ७६ लाख १४ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# ताँजाकोट गाउँपालिका, हुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३५ | २१३ | ५१५९४ | ० | ० | ० | ३५ | २१३ | ५१५९४ | ९११६ | ५४९४ | ३२६७७ | ० | ० | ३८१७२ | ४३०६ |

### 1.2 प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताँजाकोट गाउँपालिका हुम्ला | १०८५४७ | ० | ० | १०८५४७ | ० | ५१५९४ | १६०१४१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ताजाकोट गाउँपालिका, हुम्ला , तन्जाकोट गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लाल प्रसाद ढकाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विर्ष बहादुर सुनार | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५१,५९४,२६४.३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६६,०२,६२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२,४६,३२,८७५ | **चालु खर्च** | १९,६९,८७,९५२.५३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०१,५०,००० | **पूँजीगत खर्च** | ४,७६,१६,७५० |
| **राजश्व बाँडफाँट** | ३,६४,४०,५४१.५३ | **वित्तीय/अन्य व्यवस्था** | १७,१२,८९,५६० |
| **आन्तरिक आय** | १२,६०,४०० | | |
| **अन्य आय** | १३,०१,०४,९८२.९७ | | |
| **कुल आय** | ४१,२५,८८,७९९.५ | **कुल खर्च** | ४१,५८,९४,२६२.५३ |
| **बाँकी मौज्दात** | | ३२,९७,१६०.९७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

**एकिकृत आय-व्यय विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६६०२६२४ | १ | चालु खर्च | १९६९८७९५२.५३ | १९६९८७९५२.५३ |
| | क) धरौटी मौज्दात | १०१२५०० | | २ | पूँजीगत खर्च | ४७६१६७५० | ४७६१६७५० |
| | ख) बैँङ्क मौज्दात | ५४४६१३६.७४ | | ३ | समपुरक अनुदान संघ | २२९६८२७३ | २२९६८२७३ |
| | ग) प्रकोप व्यवस्थापन | 0 | | ४ | विशेष अनुदान संघ | ३९०६९५४ | ३९०६९५४ |
| | घ) चालु खाता | ९९६४८.८ | | ६ | प्रदेश समपुरक अनुदान | ३६६८००० | ३६६८००० |
| | ङ) पूजीगत खाता | ४४३३८ | | ७ | प्रदेश विशेष अनुदान | ९४०००० | ९४०००० |
| २ | राजस्व ( आन्तरिक आय) | | ३७७००९४१.५३ | ८ | प्रदेश सशर्त अनुदान | ७५८४००० | ७५८४००० |
| | क) आन्तरिक राजस्व | १२६०४०० | | ९ | संघीय शसर्त अनुदान फिर्ता | ६६३८००० | ६६३८००० |
| | ख) राजस्व बाँडफाँड | ३६४४०५४१.५३ | | १० | विषयगत खर्च | १२१६९३६३३ | १२१६९३६३३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ग) राजस्व बाँडफाँड प्रदेश | ० | | ११ | धरौटी फिर्ता | ३८९०७०० | ३८९०७०० | |
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | २२४६३२८७५ | १२ | मौज्दात | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ७००००००० | | | क) बैँक मौज्दात | २५५४०१०.९७ | २५५४०१०.९७ | |
| | | | | ख) सशर्त अनुदान | १३४२०५००० | | | ख) नगद मौज्दात | | ० | |
| | | | | ग) समपूरक अनुदान | १२२९४९२१ | | १३ | धरौटी मौज्दात | ७४३१५० | ७४३१५० | |
| | | | | घ) विशेष अनुदान | ८१३२९५३.९७ | | | | | | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०१५०००० | | | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ६२४२००० | | | | | | |
| | | | | ख) सशर्त अनुदान | ९३००००० | | | | | | |
| | | | | ग) समपुरक अनुदान | ३६६८००० | | | | | | |
| | | | | घ) विशेष अनुदान | ९४०००० | | | | | | |
| | | | ५ | विषयगत निकायबाट प्राप्त | | १२६४८३६३३ | | | | | |
| | | | ६ | धरौटी आय | | ३६२१३५० | | | | | |
| | | | **जम्मा** | | | **४१९१९१४२३.५** | | **जम्मा** | | **४१९१९१४२३.५** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **लेखापरीक्षण सिमा**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ५९.१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५ हजार ९६१ जनसंख्या रहेको छ । | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br>अग्रिम आयकर रु.१७,६७,८१०.०० लेखापरीक्षणबाट औल्याएपछि संघीय संचितकोषमा दाखिला भएको छ । | |
| ५ | | | **वित्तिय विवरणको परीक्षणः** | |
| ५.१ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण गाउँपालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | २०७९-६-२५ | **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१२६०४०० राजस्व बाँडफाँट र अनुदानबाट रु.३६९२८५६७३.३५ समेत रु.३७०५४६०७३.५ आम्दानी भएकोमा चालु तर्फ रु.१९६९८७९५२.५३ र पूँजिगत तर्फ रु.४७६१६७५० समेत रु.२४४६०४७०२.५३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.६८ लाख ४० हजार खर्च भएको छ जुन आन्तरिक आयको ११७.९२ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४९ प्रतिशत चालु र २३.८३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ५.३ | | | **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५.४ | | | **सुत्र**(SUTRA)**को प्रयोगः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा लेखा स्थानिय संचित कोष व्यवस्थापन प्रणालीमार्फत राख्नुपर्ने व्यवस्था छ ।गाउंपालिकाले खर्च गरेको कुल खर्च मध्ये रु.२०२४४३७६६.१० स्थानिय संचित कोष व्यवस्थापन प्रणाली मार्फत लेखा राखेको र बांकी रु. ८००४००५०.४ को म्यानुअल प्रणालीमा लेखा राखेकोले स्थानिय संचित कोष व्यवस्थापन प्रणालीबाट प्राप्त गर्न सकिने वित्तिय प्रतिवेदन प्रणाली यथार्थपरक र विश्वसनिय हुन सकेको देखिएन । यस तर्फ तत्काल सुधार गरी गाउंपालिकामा हुने सम्पुर्ण आर्थिक कारोवारलाई स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)मार्फत गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामतीसेवाऐन २०४९ कोदफा ७ (ख२)वमोजिमतलवीप्रतिवेदनपारितगराएरमात्रतलवभत्ताभुक्तानीगर्नुपर्नेमाकार्यालयलेतलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प.फा.नं.४१५ प्रयोगमा ल्याएको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मुल्य अभिवृद्धि कर भुक्तानी भएका फर्मको जानकारी गराएको पाइएन ।<br>• भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा ल्याएको पाइएन ।<br>• खरिद इकाई तथा खरिद गुरु योजना तयार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम पान नम्बर भएका फर्म सँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा कार्यान्वयन गरेको पाइएन ।<br>• आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट गरेको पाइएन ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक गाउँपालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ६.३ | | | **आन्तरीक लेखापरीक्षणः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेखछ । तर गाउंपालिकाले यस वर्षको सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यवस्था बमोजिम आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ । | |
| ६.४ | | | **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।पालिकाले यस वर्ष के कति कानून निर्माण गरी कार्यान्विन गरेको सोको विवरण उपलब्ध हुन गराएको छैन । पालिकाबाट जन्म दर्ता २०० वटा, मृत्यु दर्ता १५ वटा, बसाईँसराइ ४ वटा, विवाह दर्ता १८ वटा, सम्बन्ध विच्छेद दर्ता शुन्य गरेको विवरण प्राप्त भएको छ । | |
| ६.५ | | | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ७ | | | **अनुदान फिर्ताः**<br>**संघिय सरकारको अनुदान फिर्ताः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम (४५) अनुसार संघिय संचित कोषबाट स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानिय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।तर गाउंपालिकाले संघीय शसर्त अनुदान रकम खर्च गरी बाँकी अनुदान रकम रु. ३१४८५१५.४० संघिय संचित कोषमा फिर्ता हुनुपर्ने रु. | ३,१४८,५१५ |
| ८ | | | **बजेट तथा कार्यक्रमः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च (प्रतिशतमा)</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१६५०००००</td><td>१६५०००००</td><td>१००</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>४८१५०००</td><td>४८१५०००</td><td>१००</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>४६९९५०००</td><td>४६९९५०००</td><td>१००</td></tr>
<tr><td>वातावरण तथा विकास</td><td>३००००००</td><td>३००००००</td><td>१००</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह र सुशासन</td><td>२२५००००</td><td>२२५००००</td><td>१००</td></tr>
<tr><td>जम्मा</td><td>५९०१००००</td><td>५९०१००००</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबै क्षेत्रमा समान रुपमा शत प्रतिशत खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) मा स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिकलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.१० करोड ३२ लाख ४२ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ५४ लाख ८६ हजार अर्थात१५ प्रतिशत, दोस्रो चौमासिकमा रु.३ करोड ६१ लाख ३५ हजार अर्थात ३५ प्रतिशत तेस्रो चौमासिकमा रु. ०५ करोड १६ लाख२१ हजार अर्थात ५० प्रतिशतखर्च गरेको देखिएको छ । पालिकाले असार महिनाको खर्चको विवरण उपलब्ध गराएको छैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **योजना छनौट र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्<br><br>**रु १ लाख सम्म**: ३ ; **रु १ लाख देखि २ लाखसम्म**: १८ ; **रु २ लाखदेखि ५ लाखसम्मका**: १४ ; **रु ५लाख देखि १० लाखसम्मका**: १४ ; **रु १० लाखभन्दा बढीको**: ११ ; **जम्मा**: ६०<br><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष न्यूनतम रु. १० हजार देखि अधिकतम रु. ५० लाख सम्मका जम्मा ६० वटा योजना संचालन छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ८.४ | | | **बार्षिक लक्ष्य तथा प्रगति**: कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ८.५ | | | **खर्चको अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्थाछ । यसताजाकोट गाउँपालिकाका उपाध्यक्षले मिति २०७८।३।१० गते रू. ३१ करोड ६८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० गते पारित भएको छ ।अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको विवरण पेश भएको छैन ।खर्च गर्ने अख्तियारी ढिलो गरी दिदा ठेक्का व्यवस्थापन लगायतका विकास निर्माणका कार्यहरु समयमै सम्पन्न हुन नसकी समग्र आयोजनाको लागत बढ्न गई स्रोत व्यवस्थापनमा दवाव बढन जाने भएकोले ऐनमा भएको व्यवस्थाको पूर्णपालना गरिनुपर्दछ । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ३ | १८ | १४ | १४ | ११ | ६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८.७ | | | **बजेट सीमा निर्धारण समिति**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ९.१ | | | **ऐनको कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७8(5) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९.२ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ २ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष न्यायिक समितिमा गत आ.व.को मुद्दा फर्छ्यौट हुन बाँकी ३ वटा चालु आ.व.मा थप शुन्य भई जम्मा फर्छ्यौट गर्नुपर्ने ३ वटा मुद्दा रहेकोमा चालु आ.व.मा २ वटा मुद्दा फर्छ्यौट गरी १ वटा मुद्दा फर्छ्यौट गर्न बाँकी रहेको गाउँपालिकाबाट प्राप्त विवरणबाट देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ । | |
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| १०.१ | | | **कर्मचारी पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म संघबाट समायोजन भई आएको ६ जना, साविक स्थानियतहमा कार्यरत २ जना गरी ८ जनाको पदपूर्ति भएको र २१ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १०.२ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाबाट करारमा कार्यरत कर्मचारीहरुको विवरण प्राप्त गर्न सकिएन । | |
| ११ | | | **जिन्सी व्यवस्थापनः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधि लगत अद्यावधिक गर्नु, गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालयमा रहेका, आर्थिक वर्ष भित्र खरिद भएका, कुनै प्रकारले हस्तान्तरण भई आएका, भुतपुर्व पदाधिकारी, अवकाश प्राप्त वा सरुवा भई गएका कर्मचारीहरुले बरबुझारथ गरेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारी साधन र अन्य फर्निचर जस्ता जिन्सी सामानहरु आम्दानी बांधि लगत अद्यावधिक गरेको देखिएन । यसरी जिन्सी मालसामानको लगत अद्यावधिक नगर्दा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **खरिद व्यव्स्थापनः**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०३२४२४२३.३३ पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| १३ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| १३.१ | | | **राजस्व दाखिलाः** र्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको २०७७ को नियम ५८(१) मा राजस्व उठाउने कार्यालयले करदाता वा सेवाग्राहीबाट प्राप्त गरेको राजस्व महालेखा नियन्त्रक कार्यालयको नाममा सरकारी कारोबार गर्ने बैँङ्कमा खोलिएको राजस्व खाता नन्अपरेटिभ रेभिन्यू एकाउण्ट मा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ८ वटा वडा कार्यालयहरु र गाउपालिकाले रु.३१३८७३५.५८ आन्तरिक आय असुल गरेकोमा वडा नं. ६ का वडा सचिव लोकेन्द्र रावतले नगदी रसिदबाट रु.३२२४९३ र मालपोत दस्तुरबाट रु.१२०९१ गरी जम्मा रु.३३४५८४ असुल गरी रु.१८६७५० मात्र दाखिला गरेकोले दाखिला गर्न बाँकी रु.१४७८३४ असुल गरी राजश्व दाखिला हुनुपर्ने रु. | १४७,८३४ |
| १३.२ | | | **एम्बुलेन्स सञ्चालनः** गाउंपालिकामा १ थान एम्वुलेन्स संचालन भएको देखियो ।कार्यपालिकाको निर्णय बमोजिम विभिन्न स्थानमा एम्वुलेन्स सन्चालन गर्दा स्थान अनुसार सेवा शुल्क असुल गर्ने निर्णय गरेतापनि एम्वुलेन्स सन्चालन वापत प्राप्त भएको आम्दानी गाउंपालिकामा जम्मा गरेको देखिएन । एम्वुलेन्स सन्चालनबाट भएको आम्दानी खर्चको छानविन गरी एम्वुलेन्स सन्चालनबाट प्राप्त भएको आम्दानी दाखिला गर्नुपर्दछ । | |
| १३.३ | | | **राजस्व बांडफांड –** अन्तर- सरकारी वित्त व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ७(२) अनुसार स्थानीय तहले प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको रोयल्टी, दफा ३(२) बमोजिम प्राप्त गर्नुपर्ने घर जग्गा रजिष्ट्रेशन लगायतका बांडफांडबाट प्राप्त हुनुपर्ने रकम गाउंपालिकाले प्राप्त गरेको देखिएन ।गाउंपालिकाले प्राप्त गर्नुपर्ने राजस्व बांडफांडको रकम प्राप्त गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| १३.५ | | | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| १४ | | | **धरौटीः**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता अनुसारको रनिङ विल वा विल विजक भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ विल वा विल विजकमा उल्लेखित रकमको पांच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले नविकरणीय उर्जा प्रविधि (सोलार) को निर्माण व्यवसायी छवाङ निर्माण सेवासंग रु.१०,२०,१४०.० मा खरिद गरी विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा गरेको देखिएन ।रिटेन्सन मनीको अभावमा त्रुटी सच्चाउने अवधिमा त्रुटी सच्चाउन सक्ने अवस्था देखिदैन । अत: निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा नगरी गरी दिएको भुक्तानी नियमित नदेखिएको रु. | ५१,००७ |
| १५ | | | **पेश्की व्यवस्थापनः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार निम्न व्यक्ति, संस्था र उपभोक्ता समितिलाई दिएको पेश्की रु.६६,०१,४२२ मध्ये म्याद नाघेको पेश्की रु. **४३०६४२२** फछ्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्नेरु. | ४,३०६,४२२ |

| सि. नं | पेश्की लिनेको नाम | गत वर्षको पेश्की | यो वर्षको पेश्की बाँकी | जम्मा पेश्की रु | पेश्की बाँकी मध्ये | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भेडापालन व्यवसाय समिति | | १४९४००० | १४९४००० | १४९४००० | |
| २ | सुरक्षीत आवास सिजिएल सिट खरिद | | १८९९८२३ | १८९९८२३ | १८९९८२३ | |
| ३ | नन्द रावलको ढल देखि पुरानो ढल निर्माण | | २३०००० | २३०००० | २३०००० | |
| ४ | उदि‌द्धुस्का माड्ड मर्मत | | ६०००० | ६००००. | ६०००० | |
| ५ | गणेश बोहराको घर देखि ठोसेचलु सम्म ढल निर्माण | | १२०००० | १२०००० | १२०००० | |
| ६ | दोवाटो देखि सार्वजनिक भवन सम्म ग्याविन वाल | | १२०००० | १२०००० | १२०००० | |
| ७ | गाङलुगा देखि सार्वजनिक भवन सम्म ग्याविनवाल निर्माण | | १०५००० | १०५००० | १०५००० | |
| ८ | ताका छोरेतोङग देखि गुम्वाधारा आवधिक जग्गा घेरावार | | ५७६०० | ५७६०० | ५७६०० | |
| ९ | वडा कार्यालय व्यवस्थापन वडा नं १ | | २००००० | २००००० | २००००० | |
| १० | महिला वालवालिका तथा अपाङग र जेष्ठ नागरीक कार्यक्रम | | १९९९९ | १९९९९ | १९९९९ | |
| ११ | वि.एन। त्रिशक्ती । दावा जे.भी | ९४५००० | | ९४५००० | | ९४५००० |
| 13 | वि.एन। त्रिशक्ती । दावा जे.भी | १३५०००० | | २२९५०० | | २२९५००० |
| | **जम्मा** | **२२९५०००** | **४३०६४२२** | **६६०१४२२.** | **४३०६४२२** | **२२९५०००** |

१६

**आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । साथै सो ऐनले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्थाछ। व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनुपर्दछ। पालिकाले यस वर्ष आर्थक सहायताका दिएका केही उदाहरण देहाय बमोजिमका छन् ।

| क्र.सं. | भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानीको विवरण | भुब्तानी रकम |
|---|---|---|---|---|
| १ | १९८/०७९।३।२९ | काशी जैसी | औषधि उपचार | ५००० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | | रुपी जैसी | | ५००० | | |
| | | | | ३ | | गणेश जैसी | | ५००० | | |
| | | | | ४ | २०३/०७९।३।२५ | परिमल परियार | बाजा खरिद | १०६५४८ | | |
| | | | | ५ | १५९/०७९।३।३ | नवराज बुढा | औषधी उपचार | ३०००० | | |
| | | | | ६ | ११९/०७९।३।३ | कृष्ण नेपाली | | ५००० | | |
| | | | | ७ | | विफा ऐडी | | ५००० | | |
| | | | | ८ | | कासी जैसी | | ५००० | | |
| | | | | ९ | १२५/०७९।३।३ | प्रवल रिठाल | अध्ययन | ३०००० | | |
| | | | | १० | १३२/०७९।०३।०३ | गोविन्द बहादुर शाही | औषधी उपचार | १५००० | | |
| | | | | ११ | ९४/०७९।३।३ | गणेश बहादुर मल्ल | | २००००० | | |
| | | | | १२ | १८/०७८।०८।१० | रंग दमाई | औषधी उपचार | १४००० | | |
| | | | | १३ | २२/०७८।०८।२८ | वसन्ती के सी | शैक्षिक सहायता | ३०००० | | |
| | | | | १४ | ३१/०७८।१२।०७ | धर्मी सार्की | औषधी उपचार | ५००० | | |
| | | | | | | रङ्ग दमाई | औषधी उपचार | १०००० | | |
| | | | | | | रङ्ग दमाई | सहकारीमा सावाँ र ब्याज तिर्न | २०००० | | |
| | | | | १५ | ५०/०७९।०३।०३ | पिउली नेपाली | औषधी उपचार | १५००० | | |
| | | | | १६ | ५६/०७९।०३।०३ | विभिन्न | | १९००० | | |
| | | | | १७ | ७०/०७९।०३।०३ | नान सार्की | | ५००० | | |
| | | | | | | प्रजिते बुढा | | ५००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मन बहादुर खटिक | | १०००० | | |
| | | | | १८ | ८१/०७९।०३।०३ | विरमान चदारा | | १०००० | | |
| | | | | | | जोख्या चदारा | | १०००० | | |
| | | | | | | अपसरी दमाई | | १०००० | | |
| | | | | १९ | ८३/०७९।०३।०३ | विरमान चदारा | | १५००० | | |
| | | | | २० | ९३/०७९।०३।०३ | जंगलाल रोकाया | | १२००० | | |
| | | | | | | दलपति रिठाल | | १०००० | | |
| | | | | | | जमुना फडेरा | | ६१०० | | |
| | | | | | | बाचु जैसी | | ३५०० | | |
| | | | | २१ | ११६/०७९।०३।०३ | दान बहादुर बुढा | | १०००० | | |
| | | | | २२ | ८८/०७९।०३।०३ | परिमल परियार | शैक्षिक सहायता | १५००० | | |
| | | | | जम्मा | | | | ६४६१४८ | | |
| १७ | | | **स्वघोषणाः**<br>प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । पालिकाका पदाधिकारीहरुबाट यस प्रकारको प्रकारको सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन । | | | | | | | |
| १८ | | | **पदाधिकारी सुविधाः** | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>कर्णाली प्रदेश सभाद्वारा बनेको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारी तथा सदस्यले आफ्नो जिल्ला बाहिर भ्रमण गर्दा मात्र भ्रमण भत्ता पाउनेछ भन्ने उल्लेख छ । यस पालिकाका देहाएका पदाधिकारी तथा सदस्यहरुले जिल्लाभित्रको भ्रमणमा दैनिक भ्रमण भत्ता लिएको देखियो । नियममा व्यवस्था भएअनुसार नमिल्ने भत्ता असुल गरी दाखिला हुनुपर्ने रकम रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ. नं. /मिति</th><th>भ्रमण भत्ता बुझ्ने पदाधिकारीको नाम</th><th>पद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td rowspan="2">२०२/०७८।१२।१५</td><td>अका कार्की</td><td rowspan="2">वडा सदस्य</td><td>२३७५०</td></tr>
<tr><td>२</td><td>देवीलाल जैसी</td><td>२३७५०</td></tr>
<tr><td>३</td><td></td><td>परिमल सुनार</td><td>वडा अध्यक्ष</td><td>१२६२५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>६०१२५</td></tr>
</table></td><td>६०,१२५</td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीहरूलाई मासिक सुविधा वापत अघिल्लो आ व को ८ महिनाको रु.२४५२०००/- तथा यस आ व को श्रावण देखि जेष्ठ ५ सम्मको रु.३०१७०५१खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>रासन खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले अध्यक्ष, उपाध्यक्ष तथा अन्यका लागि राशन खरिदका लागि विभिन्न भौचरबाट रकम रू. ३,६६,५७४/- भुक्तानी भएकाँ छ । नियमानुसार यसरी राशन खरिदका लागि रकम भुक्तानी गर्न मिल्ने देखिदैन । नियममा व्यवस्था नभएको खर्च भुक्तानी भएको नियमसम्मत नदेखिएको रू.</td><td>३६६,५७४</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विभिन्न करहरुः</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>पारिश्रमिक करः आयकर ऐन २०५८ को दफा ८७ अनुसार आयमा करकट्टी गर्ने व्यवस्था छ ।गाउँपालिकामा देहाय अनुसारका पदाधिकारीहरुको पारिश्रमिक कर कट्टा नगरी भुक्तानी गरेको दिएको छ । नियमानुसार वार्षिक आयमा लाग्ने कर सम्बन्धितबाट असुल गरी दाखिलागनुपर्ने देखिएको रू.</td><td>११५,६३९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

| पदाधिकारीको नाम थर | वार्षिक सुविधा | छुट पाउदे | कर योग्य आय | कट्टा गर्नुपर्ने | कट्टा गरेको | कट्टी हुनुपर्ने कर |
|---|---|---|---|---|---|---|
| वाग्दल मल्ल | ६०९००० | ४५०००० | १५९००० | २६३०० | ४५०० | २१८०० |
| मन्जु बुढा | ५१९००० | ४५०००० | ६९००० | ११४०० | ४५०० | ६९०० |
| लाल प्रसाद ढकाल | ७९१५६१ | ७०२८५८ | ८८७०३ | १३८७१ | ४५०० | ९३७१ |
| विष्णुलाल सार्की | ६८३७३६ | ५९८९९८ | ८४७३८ | १३४७४ | ४५०० | ८९७४ |
| किरण एडी | ७४०९३३ | ६४४६६५ | ९६२६९ | १४६२७ | ४५०० | १०१२७ |
| विष्णुभक्त जैसी | ६८३७३६ | ६३४९९८ | ४८७३८ | ९८७४ | ४५०० | ५३७४ |
| विर्खसिंह सुनार | ६०९९५६ | ५८९७१२ | २०२४४ | ७०२५ | ४५०० | २५२५ |
| धनसिंह धामी | ६०९९५६ | ५८९७१२ | २०२४४ | ७०२५ | ४५०० | २५२५ |
| चित्र बहादुर ठाडा | ६२३५०३ | ५९२००२ | ३१५०१ | ७६५१ | ४५०० | ३१५१ |
| राजेन्द्र स्याङ्कु | ६१०२२४ | ५००००० | ११०२२४ | १२०४५ | ० | १२०४५ |
| धनराज ढकाल | ६२१९६४ | ५००००० | १२१९६४ | १४३९३ | ० | १४३९३ |
| आम्विका शर्मा | ५७२३९० | ५००००० | ७२३९० | ७२३९ | ० | ७२३९ |
| लिलाराज शर्मा | ५६०६१९ | ५००००० | ६०६१९ | ६०६२ | ० | ६०६२ |
| भारती कुमारी रेग्मी | ५२०२८० | ५००००० | २०२८० | २०२८ | ० | २०२८ |
| रामलाल देवकोटा | ५१२९९० | ५००००० | १२९९० | १२९९ | ० | १२९९ |
| मोतिलाल जैसी | ५०९१२६ | ५००००० | ९१२६ | ९१३ | ० | ९१३ |
| पदम बहादुर बुढ | ५०९१२६ | ५००००० | ९१२६ | ९१३ | ० | ९१३ |
| **जम्मा** | | | | | | **११५६३९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २०.२ | | | **भुक्तानीमा करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४४८,९३२ |

| **भौ.नं./मिति** | **भुक्तानी विवरण** | **असुल हुनुपर्ने कर रकम** | **कैफियत** |
|---|---|---|---|
| १९२/०७९/३।३० | ढुवानी भाडा भुक्तानी | १५०० | कर कट्टी नगरी भुक्तानी भएको |
| १९३/०७९/३।२९ | | १५०० | |
| १९५/०७९/३।२९ | | १८०० | |
| १९८/०७९/३।२९ | | ३००० | |
| २०२/०७८।१२।१५ | भाडा भुक्तानी | ८०० | |
| १७७/०७९।३।२७ | विभिन्न कार्यालय सामान खरिद | ३२७२ | |
| १८७/०७९।३।२७ | पत्रपत्रिका खर्च | २२५ | |
| १४१/०७८।१०।४ | गाडी भाडा | ६९५० | |
| १२४/०७९।३। | गाडी भाडा भुक्तानी | ६८०० | विभिन्न व्यक्तिहरुलाई भुक्तनी |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १३ | | | | |
| | | | १२८/०७९।३।३ | गाडी भाडा भुक्तानी | २००० | नवराज जैसी | |
